नेपाल सरकार

गृह मन्त्रालय

# सशस्त्र प्रहरी बल, नेपाल

नं.४२ रिजर्भ गण हे.क्वा.शम्शेरगंज बाँके

(आर्थिक प्रशासन शाखा)

## पुराना जिन्सी सामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सुचना

प्रथम पटक प्रकाशित मिति २०७८।०७।०२ गते ।

सशस्त्र प्रहरी बल, नेपाल नं.४२ रिजर्भ गण हे.क्वा.शम्शेरगंज बाँकेमा अवस्थित रहेका तपशिल बमोजिमका बिभिन्न पुराना जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ती, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | पुराना जिन्सी सामानहरुको बिबरण | न्यूनतम् जम्मा मुल्य रु (मु.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | पुराना जिन्सी सामानहरु | १,३५,००९।- | १०००।- | |

बोलपत्र फाराम कोष तथा लेखा नियन्त्रक कार्यालय बाँके र सशस्त्र प्रहरी बल नेपाल नं.४२ रिजर्भ गण हे.क्वा.शम्शेरगंज बाँकेबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७, औं दिन (मिति २०७८/०७/०८ गते) को कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम ८ औ दिन (मिति२०७८/०७/०९ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.४२ रिजर्भ गण हे.क्वा.शम्शेरगंज बाँकेमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिने छ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारण बस सार्वजनिक बिदा पर्न गएमा बिदा पछाडीको पहिलो कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ । बोलपत्रको बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं.४२ रिजर्भ गण हे.क्वा.शम्शेरगंजको कार्यालय कोड नं.३१४०५५७०८ को कोष तथा लेखा नियन्त्रक कार्यालय, बाँकेको राष्ट्रिय बाणिज्य बैक शाखा कार्यालय नेपालगंजको धरौटी खाता नं.४१३०१००१०२०३०००० मा नगदै खादिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधीको कुनै बाणिज्य बैकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी ७ (सात) दिनभित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी सामानहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा जफत गरी प्रचलित कानुन बमोजिम कारवाही गर्ने छ । उल्लेखित जिन्सी सामानहरु हेर्न वा थप कुरा बुझ्न परेमा कार्यालय समय भित्र यस गणमा आई हेर्न र बुझ्न सकिनेछ वा यस कार्यालयको फोन नं.०८१-४०००२/९८५१२७२०८१ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको Web site:- www.apf.gov.np मा समेत राखिएको छ ।